भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोलखा

**सवारीसाधन सप्लाई गर्ने सम्वन्धि वोलपत्र आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशन मिति : (२०७५/०२/०७ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका सवारी साधन,सप्लाइ गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित गरिएको मितिले निम्नानुसार तोकिएको मिति तथा समयमा नोटरी पव्लिकबाट प्रमाणित फर्म दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणित प्रमाण पत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण र उत्पादक कम्पनी वा नेपालमा रहेको आधिकारिक बिक्रेताबाट बोलपत्रदातालाई प्राप्त Authorization letter को प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) निम्नानुसारको नगदी रसिद संलग्न गरी यस कार्यालयवाट उपलव्ध गराइने छ । अथवा वोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको संञ्चित खाता नं. १३००३००००००००४००१०१२ मा जम्मा गरी सो को भौचर पनि पेश गर्न सकिनेछ ।

३) E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्रमा अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन ।

४) बोलपत्र पेश गर्दा आफुले सप्लाई गर्न चाहेको सवारी साधनको लागी बोलपत्र फारम खरिद गरी बाहिर खाममा सम्बन्धित सवारीसाधनको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।

५) खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि निम्नानुसारको मिति तथा समय भित्र यस कार्यालयमा आई वोलपत्र दर्ता गराउन सकिने छ ।

६) वोलपत्र फाराम साथ जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको खाता न १३००३०००००००००३००००११ मा जम्मा गरि सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको ६ महिना म्याद भएको जमानी पत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति भन्दा पछाडिको मितिको हुनपर्ने छ ।

७) दर्ता हुन आएका वोलपत्र यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

८) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुनेछन् ।

१०) अन्य कार्यविधिहरु,सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार हुनेछ ।

११) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नम्बर ०४९-४२१४९१ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| **ठेक्का नं.** | **विवरण** | **आवश्यक संख्या** | **लागत अनुमान रकम (रु.)** | **बोलपत्र फारम दस्तुर रु.** | **जमानत रकम (रु.)** | **वोलपत्र फारम खरिद अवधि** | **वोलपत्र फारम दाखिला अवधि** | **वोलपत्र खोल्ने समय** |
|---|---|---|---|---|---|---|---|---|
| BMP/NCB/GOODS/2074-075/8 | **For Supply and delivery of Hardtop Jeep and Sports Utility Vehicle** | थान २ (दुई) | ६२,००,०००/- Sports Utility Vehicle<br>३४,५०,०००/- Hardtop Jeep | ३,०००/ | २,९०,०००/- | सूचना प्रकाशन मितिले ३० औ दिनको ५ वजे सम्म | सूचना प्रकाशन मितिको ३१ औ दिनको १२ वजे सम्म | ३१ औ दिनको २.०० वजे |
| BMP/NCB/GOODS/2074-075/9 | **For Supply and delivery of Motorcycle and Scooter** | (९ मोटरसाईकल र १ स्कुटर ) | २२,५०,०००/- (Motorcycle)<br>१,९०,०००/- (Scooter) | ३,०००/ | ७५,०००/- | सूचना प्रकाशन मितिले ३० औ दिनको ५ वजे सम्म | सूचना प्रकाशन मितिको ३१ औ दिनको १२ वजे सम्म | ३१ औ दिनको २.०० वजे |